# भिमसेनथापा गाउँपालिकाको बालबालिका सम्बन्धी स्थिति पत्र-२०८०


**भीमसेनथापा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

खान्चोक, गोरखा

गण्डकी प्रदेश

# विषयसूची

१ शुभकामना मन्तव्य

क अध्यक्ष

ख उपाध्यक्ष

ग प्रमुख प्रशासकीय अधिकृत

घ सामाजिक विकास कार्यालय प्रमुख

२ पालिकाको परिचय

३ बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्रः

४ बालमैत्री स्थानीय शासनको उद्देश्य

५ बालमैत्री स्थानीय शासनको रणनीति

६ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी व्यवस्थाः

७ बालमैत्री पालिकाको अवधारणा

८ सूचकहरुको अवस्था

९ बाल क्लबहरुको विवरण

१० बालबालिका सम्बन्धी नीति तथा बजेट

११ बालमैत्री पालिका घोषणा गर्ने प्रतिवद्धता

भिमसेनथापा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खान्चोक, गोरखा,
गण्डकी प्रदेश, नेपाल

फोन नं ९८५६०१००४५
ईमेल bhimsenthapagaupalika@gmail.com
info@bhimsenthapamun.gov.np
website www.bhimsenthapamun.gov.np

पत्र संख्याः
च. नः

# शुभकामना मन्तव्य



भिमसेनथापा गाउँपालिकाले बालबालिका सम्बन्धी यथार्थ जानकारी उपलब्ध हुने गरी आवश्यक सूचना, तथ्याङ्क विबरण समेटेर **भिमसेनथापा गाउँपालिकाको बालबालिका सम्बन्धी स्थिति पत्र २०८०** प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

बालबालिकाको अधिकारको संरक्षण, सम्बर्द्धन एवं प्रबर्द्धन गर्ने उदेश्यले बनेको बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी १९८९ को नेपालले हस्ताक्षर गरे पश्चात, बाल अधिकार सुनिश्चितताको निम्ति नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा थुप्रै प्रतिबद्धताहरु जनाएको छ । यसका अलवा नेपाल सरकार गण्डकी प्रदेश सरकारद्वारा बाल अधिकारको संरक्षणको लागि आवश्यक ऐन, नियम, नीतिहरु, आवधिक तथा बार्षिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको अवस्था छ यसै गरी भिमसेनथापा गाउँपालिकाले पनि बालबालिकाको अधिकारमा आधारित भई विभिन्न निकायहरुको साझेदारीमा कार्यक्रमहरु संचालन गरिरहेका छन् । भिमसेनथापा गाउँपालिकामा रहेका समग्र बालबालिकाको आधारभूत अवस्था के कस्तो छ र उनीहरुको हक हित संरक्षणको लागि केकस्ता प्रयासहरु भईरहेका छन भन्ने बारेमा जानकारी हासिल गर्न **भिमसेनथापा गाउँपालिकाको स्थिति पत्र २०८०** ले मद्दत मिल्ने छ ।

बालबालिका लक्षित कार्यक्रम संचालन गरी गाउँपालिकालाई पुर्ण सुरक्षित गाउँपालिका बनाउन प्रयत्न गरिरहेको अवस्थामा बालमैत्री गाउँपालिका यथाशिघ्र घोषण गर्न आवश्यक पहल अघि बढाउन प्रतिबद्धता जाहेर गर्दछु र यो अभियानको पुर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८० असार

.................................
लोक प्रसाद वंजरा (अक्कल)
अध्यक्ष

# भिमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाञ्जोक,गोरखा
२०७३

फोन नं.: ९८५६०१००४५
इमेल: bhimsenthapagaupalika@gmail.com
info@bhimsenmun.gov.np
website: www.bhimsenmun.gov.np


पत्र संख्या: २०७९/०८०
चलानी नं.

# शुभकामना मन्तव्य



भिमसेनथापा गाउँपालिकाले निकट भविष्यमा नै बालमैत्री स्थानीय शासन सहितको बालमैत्री पालिका घोषणा प्रयोजनका लागि भिमसेनथापा गाउँपालिकाको बालबालिका सम्बन्धी स्थीति पत्र २०८० सार्वजनिक हुन लागेको छ । बालमैत्री स्थानीय शासन स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याईएको अवधारणामा बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई मुख्य आधार को रुपमा लिँदै स्थिति पत्र तयार गर्न लागिएको हो ।

नेपालको संविधान २०७२ ले बालबालिका सम्बन्धी व्यवस्था गरेका हक अधिकारको संरक्षण गर्नको लागि बालबालिका सम्बन्धी ऐन २०७५ बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनिति कार्यान्वयन कार्यविधि २०६८ का सिद्धान्त तथा कार्य प्रकृया र बालमैत्री स्थानीय शासन रणनिति २०७४ ले अवलम्वन गरेका रणनितिका आधारमा भिमसेनथापा गाउँपालिका स्तरीय बालबालिकाको स्थिति प्रतिवेदन २०८० प्रकाशनको तयारीमा छौं ।सो प्रकाशन बालमैत्री स्थानीय शासनको नतिजा मापन गर्न सहज हुने देखिन्छ। बालबालिकाहरुको संरक्षका सवालहरु समाधान गर्नका लागि स्थानीय तह मै आवश्यकताको पहिचान र सम्भावनाको खोजी बस्ती स्तरबाटै हुँदा यो सूचनाहरुलाई तथ्याङ्किय र विश्लेषणात्मक ढंगबाट समिक्षा गरी नीति निमार्ण र कार्यक्रम कार्यान्वयनको लागि सूचनाका विविध पक्षहरुको साथै अबका सम्भावित चुनौति तथा समस्याहरुको आकलन समेतलाई ध्यान दिँदै यथार्थ रुपमा सम्पन्न गर्न सघाउ हुनेछ भन्ने कुरामा विश्वास गरेको छु।

बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि पालिकास्तरीय बालबालिकाको स्थिति प्रतिवेदनसँग जोडिएका सम्पुर्ण पक्ष तथा कार्यहरु सफल बनाउन गाउँपालिकाले थालेको अभियानलाई कार्यान्वयन गरी भिमसेनथापा गाउँपालिकालाई बालअधिकार सम्पन्न गाउँपालिका बनाउन सम्पुर्ण सरोकार निकायहरुको महत्वपूर्ण योगदानको अपेक्षा गदै यो अभियानको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**२०८० असार**

...............................

**अमृता देवि वस्ती** (भट्ट)
उपाध्यक्ष

**भिमसेनथापा गाउँपालिका**

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका"

भिमसेनथापा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाउँ..., गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७९/०८०
च. नं.

## प्रमुख प्रशासकिय अधिकृतको शुभकामना मन्तव्य

सामाजिक विकास कार्यालय, गोरखा र भिमसेनथापा गाउँपालिकाबीचको सहकार्यमा यस गाउँपालिकाको बालमैत्री स्थानीय शासनको स्थिति पत्र प्रकाशन हुन लागेकोमा खुसी लागेको छ। यति राम्रो अवसर प्रदान गरिदिनु भएकोमा सामाजिक विकास कार्यालय, गोरखा प्रति आभार प्रकट गर्दछु।

यस गाउँपालिकाले नेपालको संविधान र कानून बमोजिम बालबालिकाको हक अधिकारलाई सुनिश्चित गर्न आफ्नो नीति तथा कार्यक्रम र बजेट मार्फत यथेष्ट प्रयासहरु गर्दै आएको सबैमा अवगत नै छ। यो क्रमलाई थप व्यवस्थित गर्दै मिति २०८२ भाद्र २९ गते सम्म बालमैत्री स्थानीय तहको रुपमा गाउँपालिकालाई उभ्याउन सामाजिक विकास कार्यालय गोरखासँगको हातेमालोले थप गति लिने अपेक्षा राखेको छु। गाउँपालिकाले बालमैत्री स्थानीय शासनसँग सम्बन्धित ५१ वटा सूचकहरु सामाजिक विकास कार्यालयसँगको सहयोगमा संकलन गरी व्यवस्थित अभिलेखको रुपमा पुस्तक प्रकाशन हुन लागेको विषय पालिकाको बालबालिका सम्बन्धी सूचना एवं तथ्याङ्क अभिलेखिकरणमा कोशेढुंगा सावित हुनेछ। साथै पालिकाले लिएको लक्ष्य हासिल गर्न घचघच्याउन यो स्थिति पत्रले अझ भूमिका खेल्ने विश्वास लिएको छु।

गाउँ ठाउँको सरकार, स्थानीय सरकारले साच्चै बालबालिकामा लगानी बढाउँदै लैजान सके मात्रै हामीले भन्ने गरेको **"समृद्ध नेपाल:सुखी नेपाली"** निर्माण गर्न सक्छौ। यो स्थिति पत्र यसको महत्वपूर्ण आधारस्तम्भको रुपमा रहोस् भन्दै यो सहकार्य र सहयोगको लागि सामाजिक विकास कार्यालय गोरखालाई प्रति धन्यवाद व्यक्त गर्दै पालिकाले लिएको बालमैत्री स्थानीय तह घोषणाको लक्ष्यलाई समयमै साँच्चै व्यवहारमै उतार्न आफ्नो तर्फबाट लागिरहने प्रतिबद्धता समेत व्यक्त गर्दछु। धन्यवाद।

२०८० असार

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वेभसाइटः https://bhimsenthapamun.gov.np सम्पर्क नं: ९८५६०१००४५ फेसबुक लिङ्कः https://www.facebook.com/ito.bhimsenthapa
ईमेलः bhimsenthapagaupalika@gmail.com, info@bhimsenmun.gov.np

*"गाउँ टोल घर-घरमा स्थानीय सरकार"*

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**सामाजिक विकास कार्यालय, गोरखा**

पत्र संख्याः ०७९।८० फोन न.- ०६४४२०२२९
च.न.

# शुभकामना

सबै स्थानीय तहहरुलाई वि स २०८५ सम्म बालमैत्री स्थानीय तह घोषणा गरी कार्यान्वयन गर्ने नेपाल सरकारको लक्ष्य बमोजिम भिमसेन थापा गाउँपालिका गोरखाले पनि वि. स. २०८२ सम्म आफ्नो पालिकालाई बालमैत्री घोषणा गरिसक्ने प्रतिवद्दतालाई मध्येनजर गरी सामाजिक विकास कार्यालय गोरखाले पालिकाको यस कार्य लाई सहयोग गर्न बालबालिका सम्बन्धी स्थिति पत्र -२०८० प्रकाशन गर्न लागेका छौ ।
सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकेमा दिगो विकासमा टेवा पुग्न सक्छ। समावेशी तथा सहभागितामूलक विकासको लागि समेत बालबालिकाहरुको प्रतिनिधित्व हुन जरुरी हुन्छ। बालबालिकाहरुको आवश्यकता पहिचान गर्न, विकास योजनाका हरेक चरणमा उनीहरुको प्रतिनिधित्व गराउनु पर्ने हुन्छ। अझ बालमैत्री स्थानीय शासन अवलम्वन गर्नको लागि त उनीहरुको सहभागीता विना सम्भव नै हुँदैन ।
प्रस्तुत स्थिति पत्रले पालिकालाई वि.सं. २०८३ सम्मको प्रतिवद्दता कार्यान्वयनमा मार्गदर्शन गर्न सक्छ । पालिकालाई सोही अनुसार लक्ष्य प्राप्तिका निम्ति नीति निर्माण गर्न र कार्यक्रम तथा बजेट विन्यास गर्न समेत सहयोग पुग्न सक्छ। यसले पालिकाबासीहरुलाई आफ्नो पालिकाको बालबालिका सम्बन्धी वास्तविक स्थिति बुझ्न र बाँकी रहेका बालबालिका सम्बन्धी गतिविधिहरुमा सहयोग पुर्उयान पनि उत्प्रेरित गर्न सक्छ। पालिकाको कार्यक्षेत्रलाई आधार मानेर कार्य गर्न चाहने राष्ट्रिय तथा अन्तराष्ट्रिय एवं सामाजिक संघसंस्थाहरुलाई पनि परियोजना वा कार्यक्रमको क्षेत्र पहिचान गर्न मद्दत पुर्‍याउने छ।
बालबालिका सम्बन्धी स्थिति पत्र- २०८० तयार गर्नको लागि संलग्न सम्पूर्ण कर्मचारी टिम, जनप्रतिनिधिहरु, विद्यालयहरु लगाएत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । पालिकाको यस लक्ष्यमा सामाजिक विकास कार्यालय पनि सहयोगी भूमिका रहन पाउँदा हामीले जिम्मेवारी बोध गरेका छौं। अन्त्यमा बालमैत्री घोषणा गर्ने समयसिमा सहितको प्रतिवद्दतामा पालिका सफल रहोस् हार्दिक शुभकामना।

**दीपेन्द्र परियार**
कार्यालय प्रमुख
सामाजिक विकास कार्यालय गोरखा

email:sdogorkha@gmail.com website:sdogorkha.gandaki.gov.np

## १. भिमसेन थापा गाउँपालिकाको संक्षिप्त परिचयः

नेपालको संबिधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानिय निकायहरुको पुनःसंरचना को लागि गठन गरेको उच्च स्तरिय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिबेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागु गर्ने निर्णय अनुसार नेपालको पहाडी भूभागमा अवस्थित गोरखा जिल्ला पश्चिमाअञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलको पहाडी जिल्ला गोरखा एक हो । गण्डकी प्रदेशको एतिहासिक तथा प्राचिन महत्व बोकेको गोरखा जिल्लामा अबस्थित बोर्लांगको चण्डीथोक गाउँमा जन्मिनुभएको नेपालको प्रथम तथा सबै भन्दा लामो समय सम्म पदमा रहेका नेपालका मुख्तियार तथा रास्ट्रिय बिभुति भिमसेन थापाको नाम बाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । भौगोलिक बिबिधता पाखा, पखेरा, जंगल, खोल्सा, खोल्सी, खोंच र बेशी तथा अन्य प्राकृतिक सम्पदाले भरिएको यस जिल्ला को साबिकका गा.वि.स. हरु मध्ये मसेल, तान्द्राङ्ग, अश्राङ्ग,धावा, बगुवा र बोर्लाङ्गलाई समायोजन गरी भिमसेनथापा गाउँपालिका गठन गरिएको हो । यस गाउँपालिकाको साबिकमा रहेको ६ ओटा गा.वि.स मध्य साबिक तान्द्राङ्ग गा.बि.सलाई विभाजन गरी हालको २ र ३ वडा बनाइएको छ र साबिक बोर्लाङ्ग गा.वि.स.लाई विभाजन गरी हालको ७ र ८ वडा बनाइएको छ। नवगठित स्थानीय तह भिमसेन थापा गाउँपालिका को क्षेत्रफल १०१.३५ वर्ग कि मि , जनसंख्या १६,९८६ (राष्ट्रिय जनगणना २०७८ को तथ्यांक) र वडा संख्या ८ रहेका छन् ।

## २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्रः

“बालमैत्री शासन” भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास जःता सिद्धान्तमा आधारित भई बाल बचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता लगाएतका विषयलाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धति हो । यो अवधारणाले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्न राज्यको तर्फबाट गरिने समष्टीगत पद्धति र परिपाटीलाई बालमैत्री बनाउने सोचलाई प्रतिविम्वित गर्दछ।

## ३. बालमैत्री स्थानीय शासनको उद्देश्य

» स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवालहरूलाई प्राथमिकता दिनु

» बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु

» स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउनु

» स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु

» बालबालिकाको हितविरूद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु

## ४. बालमैत्री स्थानीय शासनको रणनीति

### ४.१. मूल प्रवाहीकरण

» नीतिगत वकालत, पैरवी र सचेतना

» संस्थागत विकास

» क्षमता विकास

- » सहकार्य र साझेदारी प्रवर्धन
- » समुदाय परिचालन
- » सामाजिक जवाफदेहिता र पारदर्शिता
- » समतामूलक कार्यक्रम
- » सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन
- » अनुगमन तथा मूल्याङ्कन

## ५. विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी व्यवस्थाः

### ५.१. संविधानको धारा ३९. बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### ५.२. संविधानको धारा ५१ : राज्यका नीतिहरू (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

- » बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने, धारा ५१ः (झ) श्रम र रोजगार सम्बन्धी नीति (३) बालश्रम लगायत श्रम शोषणका सबै रूपहरूको अन्त्य गर्ने,

## ६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बालबालिकाका सम्बन्धमा स्थानीय तहको कार्यक्षेत्र

### ६.१. गाउँपालिका/नगरपालिका काम, कतर्व्य र अधिकार (एकल)

| दफा | प्रावधान |
|---|---|
| ११(२)(च) (स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन) | (२) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन |
| ११(२)(त) (जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन) | (५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन, |
| **वडा समितिको काम, कर्तव्य र अधिकार** | |
| १२(२)(ग) (विकास कार्य) | (३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका ... बालबालिका ... को अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,<br>(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,<br>(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने, |
| १२(२)(ङ) (सिफारिस तथा प्रमाणित गर्ने) | (१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,<br>(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने |
| **न्यायिक कार्य** | |
| ४७ (न्यायिक समितिको अधिकार क्षेत्र) | (१) न्यायिक समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछ<br>(छ) नाबालक छोरा छोरी ... लाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएका |

## ७. बालबालिका सम्बन्धी ऐन, २०७५

नेपालमा बालबालिकाको मौलिक हकको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धि ऐन, २०७५ लागु गरिएको छ। यस ऐनले बालबालिका विरुद्ध हुने विभिन्न कसूर तथा कसूरजन्य कार्यहरूबाट संरक्षण गरेको छ। ऐनले गरेको केहि परिभाषाहरू यस प्रकारका छन् :

| कसूर | सजाय |
|---|---|
| धुमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने, | पचास हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद |
| बालिगहरूका लागि खोलिएको डान्स बार, क्यासिनो जस्ता | |
| मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने, | |
| घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक | |
| कानुन बमोजिम बाहेक बाल गृहमा राख्ने। | |
| दण्ड दिने र अमर्यादित व्यवहार गर्ने, | |
| विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने, | |
| शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने, | |
| बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने | |
| राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हडताल, बन्द चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने, | पचहत्तर हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद |
| औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकाको प्रयोग गर्ने, | |
| बालबालिकाको विवाह तय गर्ने वा बालबालिकास“ग विवाह गर्ने वा गराउने | |
| जादू वा सर्कसमा लगाउने, | |
| भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला“ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने | |
| जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गराउने, | |
| सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लीग बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य भेष धारण गर्न लगाउने, | |
| गैरकानुनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने, | एक लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद |
| क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने, | |

| | |
|---|---|
| कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने, | जुन कसुरजन्य कार्य सिकाएको वा तालिम दिएको हो त्यस्तो कसुर मा कसुरदारलाई हुने सजायको आधा सजा |
| प्रचलित कानुन विपरीत बालबीलकाको अङ्ग भिक्ने, | चार लाख रुपैयाँसम्म जरिवाना र दश वर्षसम्म कैद |

**८. पालिकाको बालमैत्री स्थानीय शासनको सूचकहरुको अवस्था**

| क्र. सं. | सूचक | घोषणा हुन न्यूनतम प्रतिशत | गाउँपालिकाको प्रतिशत | तथ्यांकका आधारमा |
|---|---|---|---|---|
| **बालमैत्री स्थानीय शासनको बाल बचाउ सम्बन्धी सूचकहरु** | | | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाचँ गराएको हुनेछन् । | ९५ | ५५ | DHIS 2 |
| २ | गर्भवती महिलाले टिटी बिरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ | ४३ | DHIS 2 |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | ९५ | ४३ | DHIS 2 |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मिबाट सुत्केरी गर ाएका हुनेछन् । | ८० | २७ | DHIS 2 |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० | २७ | DHIS 2 |
| ६ | ६ महिनादेखि ५ बर्षसम्मका बालबालिकाको बर्षको २ पटक भटामिन ए क्याप्सुल खाएको हुनेछन् । | १०० | ९२ | DHIS 2 |
| ७ | एक बर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सार कारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खो पयूक्त घोषणा भएको हुनेछ । | १०० | ९४ | DHIS 2 |

| | | | | |
|---|---|---|---|---|
| ८ | एच.आई.भी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | १०० | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | सबै घरपरवारले आयोडिनयुक्त ननुको प्रयोग गरेका हुनेछन | १०० | १०० | DHIS 2 |
| १० | कमतौल, पुडको र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० | | |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० | ९९ | DHIS 2 |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानिको सुविधा उपलब्ध भएको हुनेछ । | १०० | ९२ | पालिकाको तथ्याङ्क |
| १३ | चर्पि गएपछि बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अगाडि साबुन पानिले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० | ६० | DHIS 2 |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० | ९५ | DHIS 2 |
| १५ | ६ बर्ष मुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ। | १०० | ८० | EMIS र पालिकाको तथ्याङ्क/डिजिटल प्रोफाइल |
| १६ | निकष्ट प्रकारको बालश्रम अन्तय गर्दै प्रभावित बालबालिकाको पनस्थापना भएको हुनेछ | १०० | १०० | |
| १७ | स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ । | १०० | | |
| १८ | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चार्डपर्व, भेला) मा बालबालिकाका बिरुद्ध हुने हिंसा, बेचबिखन, शोषण,वेवास्था र दुर्व्यवहारमा कामि आएको हुनेछ । | ८० | ६० | पालिकाको तथ्याङ्क |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालन ल्याईएको हुनेछ | १०० | | |
| २० | छसउपडी, कमलरी जस्ता सामाजिक कु-प्रथा नरहे को हुनेछ। | ९५ | १०० | पालिकाको तथ्याङ्क र प्रो फाइल |

| | | | | |
|---|---|---|---|---|
| २१ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विषेश व्यवस्था गरेको हुनेछन् । | १०० | | |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ।(सडक बालबालिकालाई(भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने) । | १०० | १०० | पालिकाको तथ्याङ्क |
| २३ | स्थानीय तहमा रहेका विध्दालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० | ९४ | पालिकाको तथ्याङ्क |
| २४ | कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० | | बाल सुधार ग्रह नभएको |
| २५ | ३ देखि ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक बालबिकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबलिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) । | १०० | ९८ | पालिकाको तथ्याङ्क |
| २६ | ५ देखि १४ वर्ष उमेर समुहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म पाएका हुनेछन। | १०० | ९० | पालिकाको तथ्याङ्क |
| २७ | प्रत्येक विद्यालयमा पानिको सुबिधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | १०० | ४८ | पालिकाको तथ्याङ्क |
| २८ | सबै बिद्यलयका पूर्वाधार (कक्षा कोठा, फर्निचर,खेलमैदान, खानेपानिको धारा) बालमैत्री, अपाङ्गमैत्रि र सुरक्षित भएका हुनेछन् । | १०० | ४५ | पालिकाको तथ्याङ्क |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धि कार्यक्रम सञ्चालन भइको हुनेछ । | १०० | ६८ | पालिकाको तथ्याङ्क |
| ३० | सवै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलगअलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० | ८३ | भःक्ष्क |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम बार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | ९५ | १९ | पालिकाको तथ्याङ्क |

| | | | | |
|---|---|---|---|---|
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील( न्यूनतम वार्षिक ३ वटा बैठकर ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन | ९५ | ५८ | पालिकाको तथ्याङ्क |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने बिद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ। | १०० | ६२ | भ:क्ष्क र पालिकाको तथ्याङ्क |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ। | १०० | ५० | DHIS 2 |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सारोकारका संरचना /समितिहरुमा १२ देखि १८ बर्षका बालबालिकाको संस्थागत सुनिश्चित गरिएको हुनेछ। | ९० | ५० | पालिकाको तथ्याङ्क |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | १०० | ४० | पालिकाको तथ्याङ्क |
| | बालमैत्री स्थानीय शासनको संस्थागत सूचकहरु | | | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेका हुनेछन्। | १०० | ५० | |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र निति नियम तर्जुमा गरि कार्यान्वयनमा ल्याका हुनेछन्। | १०० | ५० | पालिकाको तथ्याङ्क |
| ३९ | गाउपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ। | ८० | ० | |
| ४० | बालबालिकाको वस्तुगत विवरण(प्रोफाइल) को आधारमा स्थानीय तहको बिकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | १०० | ५० | पालिकाको तथ्याङ्क |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरि बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | १०० | ५० | पालिकाको तथ्याङ्क |

| | | | | |
|---|---|---|---|---|
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | १०० | १०० | |
| ४३ | प्रारम्भिक बालबिकास केन्द्रहरुले स्थानीय तहको तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् । | १०० | ८५ | पालिकाको तथ्याङ्क |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मको बिद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विषद व्यवस्थापन सम्बम्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | १०० | ७४ | पालिकाको तथ्याङ्क |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जिवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलुक तालिम ) प्राप्त गरेका हुनेछन। | ८० | १८ | पालिकाको तथ्याङ्क |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी(कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ | १०० | ७७ | कुल ३ चौकी मध्य २ चौकी मापदण्ड अनुसार बनेको र १ अस्थायी चौकी भएकाले बालमैत्री नहेको । |
| ४७ | बिद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन। | १०० | ० | |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालय स्तनपान कक्षको व्यवस्था भएको हुनेछन्। | १०० | ० | प्रशासकिय भवन निर्माण कार्य हुदै गरेकोले स्तनपान कक्षको व्यवस्था हुनेछ। |
| ४९ | बसपार्क,सिनेमा हल,हाटबजार खेलमैदान जस्ता सार्वजानिक स्थलहरुमा बालमैत्री शौचालय र खाने पानी धाराको व्यवस्था भएको हुनेछ। | १०० | ० | |
| ५० | स्थानीय तहको विषद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्राबधान समावेश भएको हुनेछ। | १०० | १०० | नितिमा समावेश भएको |

| | | | | |
|---|---|---|---|---|
| ५१ | विपद् समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ। | १०० | १०० | नितिमा समावेश भएको |

**९. यस भिमसेनथापा गाउँपालिकाकमा दर्ता भइ संचालनमा रहेका बाल क्लबहरूको विवरण २०८०**

| क्र.स | नाम | वडा नं |
|---|---|---|
| १ | श्री पाटन देवी मा.वि. बाल क्लव | वडा न ७ बोर्लाङ्ग |
| २ | श्री सिद्धकालि मा.वि. बाल क्लव | वडा नं २ तान्द्राङ्ग |
| ३ | श्री नवज्योती मा.वि. बाल क्लव | वडा नं ३ तान्द्राङ्ग |
| ४ | श्री जनसक्ति आ.वि. बाल क्लव | वडा नं ६ श्राङ्ग |
| ५ | श्री दुल्लभ मा.वि. बाल क्लव | वडा नं १ मसेल |
| ६ | श्री रामती आ.वि. बाल क्लव | वडा नं ४ धावा |
| ७ | श्री शान्ति मा.वि. बाल क्लव | वडा नं ५ बगुवा |
| ८ | श्री बाल ज्योती आ.वि. बाल क्लव | वडा नं ४ धावा |
| ९ | श्री भगवती मा.वि. बाल क्लव | वडा नं ४ धावा |
| १० | श्री विन्द्रावती बाल क्लव | वडा नं १ मसेल |
| ११ | श्री प्रभात मा.वि. वाल क्लव | वडा नं ४ धावा |

**९.१. विन्द्रावती बाल क्लब**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | निशान बराम | अध्यक्ष | | |
| २ | स्वस्तिका पाण्डे | उपाध्यक्ष | | |
| ३ | विवेक बोहोरा | सचिव | | |
| ४ | आसिम बराम | सहसचिव | | |
| ५ | खुशी बस्ती | अर्थ सचिव | | |
| ६ | स्वर्णिम भट्ट | सदस्य | | |
| ७ | मनिसा | ” | | |
| ८ | साजिया मियां | ” | | |
| ९ | रिदम भट्टराई | ” | | |

| | | | | |
|---|---|---|---|---|
| १० | अर्जुन मग्राती | " | | |
| ११ | विष्णु मग्राती | सल्लाहकार | | |
| १२ | अनुनिता भट्ट | सल्लाहकार | | |
| १३ | सरिना श्रेष्ठ | सल्लाहकार | | |
| १४ | सृष्टि पाण्डे | सल्लाहकार | | |
| १५ | कृष्टिना पुडासैनी | सल्लाहकार | | |
| १६ | सुनिल आचार्य | सल्लाहकार | | |

९.२. **श्री जनशक्ति आधारभूत विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तोष वि.क | अध्यक्ष | | |
| २ | रचना राना | उपाध्यक्ष | | |
| ३ | सञ्चिता आले | सचिव | | |
| ४ | रञ्जु रिमाल | कोषाध्यक्ष | | |
| ५ | कुशल थापा | सदस्य | | |
| ६ | सिद्धान्त वि.क. | " | | |
| ७ | रञ्जिता आले | " | | |
| ८ | कविन थापा | " | | |
| ९ | विविका थापा | " | | |
| १० | जेनि आले | " | | |
| ११ | अनिशा थापा | " | | |
| १२ | रञ्जिला सुर्खेती | शिक्षक प्रतिनिघि | ९८२५११९३५८ | |

९.३. **श्री भगवती माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | पवित्रा सुर्खेती | अध्यक्ष | | |
| २ | गिता यह | उपाध्यक्ष | | |
| ३ | समिर वि.क. | सचिव | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | दिनेश सुर्खेती | सदस्य | | |
| ५ | आशिश यह | " | | |
| ६ | कृष्चल परियार | " | | |
| ७ | दिवस सिखेडा | " | | |
| ८ | जनुका परिवार | " | | |
| ९ | कुमारी परियार | " | | |

**९.४. श्री शान्ति माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सचिन भट्ट | अध्यक्ष | | |
| २ | स्मृती ढकाल | उपाध्यक्ष | | |
| ३ | सचिन बगाले | सचिव | | |
| ४ | असिम के.सी. | सह सचिव | | |
| ५ | सुनिता वि.क. | कोषाध्यक्ष | | |
| ६ | सिवानी भट्ट | सदस्य | | |
| ७ | शंकर श्रेष्ठ | " | | |
| ८ | प्रज्जवल बराम | " | | |
| ९ | सिम्रन बराम | " | | |
| १० | रोहन पोखरेल | " | | |
| ११ | रोजिना गुरुङ | " | | |
| १२ | कृष्णा बराम | " | | |
| | केशव पाण्डे | संयोजक शिक्षक | | |
| | सुनिल खनाल | सल्लाहकार | | |
| | तेजप्रसाद पाण्डे | " | | |
| | सावित्री श्रेष्ठ | " | | |

### ९.५. श्री दुल्लभ माध्यमिक विद्यालय बाल क्लव

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | सकन भट्ट | अध्यक्ष | कक्षा ९ | |
| २ | एलिना गुरुङ | सचिव | कक्षा ९ | |
| ३ | रिजन बानियाँ | कोषाध्यक्ष | कक्षा ९ | |
| ४ | रोजन बानियाँ | सहसचिव | कक्षा ७ | |
| ५ | सर्मिला रोका | सह कोषाध्यक्ष | कक्षा ६ | |
| ६ | रोजिता पाण्डे | सदस्य | कक्षा ८ | |
| ७ | प्रमिसा गुरुङ, | सदस्य | कक्षा ९ | |
| ८ | दिक्षान्त कडेल | सदस्य | कक्षा ९ | |
| ९ | करण लामिछाने | सदस्य | कक्षा ९ | |
| १० | कृतिक विक | सदस्य | कक्षा ९ | |
| ११ | आयुषा बानिया | सदस्य | कक्षा ७ | |
| १२ | निशा पाण्डे | सदस्य | कक्षा ९ | |
| १३ | रुपमा धिताल | सदस्य | कक्षा ९ | |
| १४ | वर्षा सुर्खेती | सदस्य | कक्षा ७ | |
| १५ | दिपिका बनाकोटी | सदस्य | कक्षा ६ | |
| १६ | ममिता गुरुङ | सदस्य | कक्षा ८ | |
| १७ | सरस्वती लामिछाने | सदस्य | कक्षा ७ | |

### ९.६. श्री रामती आधारभूत विद्यालय बाल क्लव

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | गंगा बि.क. | अध्यक्ष | | |
| २ | रोसन बि.क. | उपाध्यक्ष | | |
| ३ | शिलशिला बि.क. | कोषाध्यक्ष | | |
| ४ | रेजिना | सचिव | | |
| ५ | सचिव- राजेन्द्र परियार | स.सचिव | | |
| ६ | मनिषा | सदस्य | | |
| ७ | कृतन पोखरेल | " | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | सर्मिला बि.क. | " | | |
| ९ | विनय ....... | " | | |

**९.७. पाटनदेवी माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सुष्मा कुमाल | अध्यक्ष | | |
| २ | सामुयल कुमाल | उपाध्यक्ष | | |
| ३ | प्रकृति पोखरले | सचिव | | |
| ४ | रतिका श्रेष्ठ | सह सचिव | | |
| ५ | रेमित श्रेष्ठ | कोषाध्यक्ष | | |
| ६ | दिपिसा कुमाल | सदस्य | | |
| ७ | विक्रम कुमाल | " | | |
| ८ | विराज वाग्ले | " | | |
| ९ | समिज कुमाल | " | | |
| १० | स्मृति परियार | " | | |
| ११ | पवित्रा कुमाल | " | | |
| १२ | दिपक नेपाली | " | | |
| १३ | कृष्टिना कुमाल | " | | |

**९.८.नवज्योति माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रविन लामिछाने | | | |
| २ | शुशिला गुरागार्ड | | | |
| ३ | सरोज पुडासैनी | | | |
| ४ | गुन्जन ढकाल | | | |
| ५ | सरला लामि | | | |
| ६ | संस्कार दाहाल | | | |
| ७ | अनुजा परियार | | | |
| ८ | कुशल भुजेल | | | |
| ९ | सुनिल सोडारी | | | |
| १० | सुनिता भुजेल | शिक्षक प्रतिनिधि | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | पार्वती तिमिल्सिना | शिक्षक प्रतिनिधि | | |
| १२ | सुनिता भट्टराई | शिक्षक प्रतिनिधि | | |
| १३ | श्री ठाकुर प्रसाद लामिछाने | संरक्षक | | |

**९.९. प्रभात माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | दिवस खनाल | अध्यक्ष | कक्षा १० | |
| २ | अनिस सेन्चुरी | उपाध्यक्ष | कक्षा ९ | |
| ३ | अन्जु लामिछाने | सचिव | कक्षा ११ | |
| ४ | रवि बञ्जरा | सह-सचिव | कक्षा ८ | |
| ५ | अनुष्मा दाहाल | कोषाध्यक्ष | कक्षा ९ | |
| ६ | समिक्षा भुजेल | सदस्य | कक्षा ८ | |
| ७ | प्रभात पाण्डे | सदस्य | कक्षा ७ | |
| ८ | रमिला सुवेदी | सदस्य | कक्षा ७ | |
| ९ | स्मारिका भट्ट | सदस्य | कक्षा ६ | |

**९.१०. श्री बालज्योति आधारभूत विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | सम्पर्क | कैफियत |
|---|---|---|---|---|
| १ | संगम पाण्डे | अध्यक्ष | | |
| २ | कृपा पाण्डे | उपाध्यक्ष | | |
| ३ | प्रमोद सुर्खेती | सचिव | | |
| ४ | राजिव पाण्डे | सहसचिव | | |
| ५ | रोजिना सिंखडा | कोषाध्यक्ष | | |
| ६ | रोशन सिंखडा | सदस्य | | |
| ७ | सुप्रिया सिंखडा | " | | |
| ८ | रविन सुर्खेती | " | | |
| ९ | प्रतिमा पाण्डे | " | | |
| १० | रोजिना सुर्खेती | " | | |
| ११ | विनिता सुर्खेती | " | | |
| १२ | उपसना वसेल | " | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सीमा सुर्खेती | ” | | |
| १४ | रश्मि सुर्खेती | ” | | |
| १५ | कृष सुर्खेती | ” | | |
| १६ | समिक्षा सुर्खेती | ” | | |
| १७ | सुप्रिया सिंखडा | सल्लाहकार | | |
| १८ | सरोज सुर्खेती | | | |
| १९ | राधिको पन्थ | | | |
| २० | मुक्तिनाथ खनाल | शि. संयोजक | | |

९.११. **श्री सिद्धकाली माध्यमिक विद्यालय बाल क्लव**

| क्र.स. | विद्यार्थीको नाम, थर | पद | कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | मुना भट्ट | अध्यक्ष | कक्षा ९ | |
| २ | विवेक लामिछाने | उपाध्यक्ष | कक्षा ९ | |
| ३ | अञ्जना वि.क. | सचिव | कक्षा ८ | |
| ४ | रञ्जना लामिछाने | सह-सचिव | कक्षा ९ | |
| ५ | प्रकृति लामिछाने | कोषाध्यक्ष | कक्षा ९ | |
| ६ | सुवास लामिछाने | सदस्य | कक्षा ९ | |
| ७ | उज्वल भट्ट | ” | कक्षा ७ | |
| ८ | रोशनी लामिछाने | ” | कक्षा ८ | |
| ९ | रोशनी लामिछाने | ” | कक्षा ९ | |
| १० | सन्दिसा परियार | ” | कक्षा- ९ | |
| ११ | विशाल लामिछाने | ” | कक्षा -७ | |
| १२ | संगम लामिछाने | ” | कक्षा -८ | |
| १३ | पूर्णचन्द्र अंगाई | ” | कक्षा -८ | |
| १४ | विनिता वि.क. | ” | कक्षा -९ | |
| १५ | सचित बञ्जरा | ” | कक्षा -८ | |
| १६ | प्रचल धिताल | ” | कक्षा -७ | |

# भिमसेनथापा गाउँपालिकाको महिला बालबालिका किशोर किशोरी तथा जेष्ठ नागरिक र अपांगता भएकाहरूका लागि समाज कल्याण नीतिः २०८०/८१

- » गाउँपालिका क्षेत्रभित्र रहेका अल्पसंख्यक दलित, जनजाति, महिला, एकल महिला र पुरुष, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक बालबालिका र पिछडिएका वर्गको छुट्टाछुट्टै संजाल गठन गरी लक्षित समुदायको सशक्तीकरणमा टेवा पुर्‍याईने छ।
- » हिंसा तथा उत्पीडनमा परेका मानिसहरुलाई विभिन्न संघसंस्थाहरुको साझेदारीमा मनोसामाजिक परामर्श प्रदान गर्ने र कानुनी उपचारमा आवश्यक सहजीकरण गरिने छ।
- » समुदायमा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायहरुसँग आवश्यक सहकार्य र साझेदारी गरिने छ।
- » पालिकास्तरीय एकल महिला सहयोग कोष र अपाङ्गता सहयोग कोष स्थापना गरी उक्त समूहको नागरिकको सिप विकास र दीर्घकालीन सशक्तीकरणमा टेवा पुर्‍याइने छ।
- » महिला एकल महिला बालबालिका दलित जनजाति अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक असहायहरुको उत्थानको लागि लक्षितवर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्था र गाउँपालिकाको साझेदारीमा सशक्तीकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।
- » महिलाको क्षमता विकास र सशक्तीकरण गर्न उपाध्यक्ष महिला लक्षित कार्यक्रम सञ्चालन गरिने छ।
- » लैंगिक हिंसामा परेका महिला तथा बालबालिकाका लागि एकीकृत संकटमोचन केन्द्रको स्थापना र सञ्चालन कार्यको सुरुवात गरिने छ।
- » गाउँपालिका उपाध्यक्ष सशक्तीकरण कार्यक्रममार्फत् पालिकाभित्रका महिलाहरुको रोजगारी सीप विकास तथा समावेशीकरणमा बहस पैरवी गर्न तालिम प्रदान गरिने छ।
- » नेपाल सरकारले जेष्ठ नागरिक एकल महिला तथा अपाङ्गलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता घरघरमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ। प्रत्येक वर्ष जेष्ठ नागरिक तथा अन्तर जातीय विवाह गर्ने जोडि र सन्तानलाई सम्मान कार्यक्रम गरिने छ।
- » विपन्न तथा वञ्चितिकरणमा परेका महिला वालवालिका जनजाति प्रकोपमा परेका घरपरिवारको तथ्यांक संकलन तथा अद्यावधिक गरिनेछ र यस्तो तथ्यांकको डिजिटल प्रणालीमा व्यवस्थित गरिनेछ।
- » पालिकाले निर्माण गर्ने पूर्वाधार विकासका कार्यहरु बालमैत्री, ज्येष्ठ नागरिक मैत्री एवं अपाङ्गता मैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

खान्चोक, गोरखा
Khanchowk, Gorkha

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No) :-
चलानी नं.(Dispatch No) :-

**बालमैत्री स्थानीय शासन अवलम्वन/घोषणाका लागि भिमसेनथापा गाउँपालिकाको प्रतिवद्धता**

हामी भिमसेनथापा गाउँपालिकाका जन प्रतिनिधीहरु, राजनीतिक दल, स्थानीय तहका विषयगत शाखा, सेवा प्रदायक सामाजिक संघ संस्था, विद्यालयका प्रअ, स्वास्थ्य संस्था, बालक्लव प्रतिनिधी लगायत विभिन्न सरोकारवालाहरुले स्थानीय सरकार संचालन ऐन- २०७४, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी २०७९ बमोजिम यस गाँउपालिकालाई बालमैत्री स्थानीम शासन अवलम्वन तथा घोषणाको प्रक्रियामा आ–आफ्नो क्षेत्रबाट सक्रिय तथा अर्थपूर्ण सहभागीता जनाई यस गाउँपालिकालाइ मिति २०८२ साल भदौ २९ गते सम्म बालमैत्री गाउँपालिका घोषणाको लागि पूण रुपले सहयोग गर्ने र गराउने गरि यो सामुहिक प्रतिवद्धता जाहेर गर्दछौं ।

हस्ताक्षर

२०८० बैशाख १२ गते मंगलवार

Email : bhimsenthapagaupalika@gmail.com, info@bhi...



# भीमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय


खान्चोक, गोरखा, गण्डकी प्रदेश

फोन नं. ९८५६०१००४५
Email bhimsenthapagaupalika@gmail.com
info@bhimsenmun.gov.np
website : www.bhimsenmun.gov.np



प्रकाशकः

**सामाजिक विकास कार्यालय, गोरखा**